# राष्ट्रीय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०६।०७)

यस नगरपालिकालाई आ.व २०८१/०८२ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका पत्र पत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्नका लागि इच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी, फर्म र प्रकाशन कम्पनीर संस्थाहरुले रितपूर्वकको आफुले पत्रिका अनुसार दिन सक्ने छुट सहितको दररेट यसै सुचनासाथ संलग्न विवरणहरु यस कार्यालयको Website: https://godawarimunkailali.gov.np/en वाट डाउनलोड गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसिलको कागजपत्रहरुसहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्ताव पेश गर्ने अन्तिम मिति:२०८१-०६-२१ अपरान्ह १२:०० बजे सम्म

प्रस्ताव खोल्ने मिति : २०८१-०६-२१ दिउसो २:०० बजे

प्रस्ताव खोल्ने स्थान : नगरपालिकाको कार्यालय,अत्तरिया ,कैलाली

तपसिल

- संस्था / एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र
- अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र,
- आर्थिक प्रस्ताव फाराम दस्तुर वापत रु.१०००.०० जम्मा गरेको भौचर ,
- मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र,
- स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र,
- आ. व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण पत्र
- बिज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएको प्रतिलिपि
- निवेदन

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

ईन्जिनियर

ईन्जिनियर

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी आर्थिक प्रस्ताव फारम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
गोदावरी नगरपालिका
अत्तरिया कैलाली,

त्यस कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्बन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रही पत्रपत्रिकाहरुमा सुचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेका

| क्र.स | रास्ट्रीय पत्रिकाको नाम | दर रेट (प्रति सी.सी ) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

नोट :

१) छूट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारीक रुपमा प्रकाशित दर रेटमा लागू हूनेछ ।

२) छूट प्रतिशत सम्झौता भएपश्चात २०८२ असाढ मसान्तसम्मको लागि लागू हनूछे ।

३) आधिकारीक रुपमा प्रक्राशित दर रेटमा उल्लेखित कवोल छूट रकम घटाएपछि आउने रकममा मुल्य अभिवृद्धि कर लाग्नेछ ।

प्रस्तावकको नाम :

हस्ताक्षर :

फर्मको छाप :

मिति :

मोवाईल नम्वर:

# सामान्य जानकारी तथा सर्तहरु

गोदावरी नगरपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**१. प्रस्ताव पेश गर्ने प्रस्तावदातालाइ निर्देशन**

१.१ आर्थिक प्रस्ताव फाराम दस्तुर वापत रु.१०००.०० एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको नगदी रसिद साथ निवेदन पेश गरी तोकिएको फाराम दस्तुर जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ ।

१.२ खरिद गरेको आर्थिक प्रस्ताव फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं. मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दास्रो पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनको १२:०० बजे भित्र गोदावरी नगरपालिका कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

१.३ एक फर्म वा संस्थाको नाममा खरिद गरिएको आर्थिक प्रस्ताव अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका आर्थिक प्रस्ताव सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि आर्थिक प्रस्ताव पेश गर्ने व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दर आर्थिक प्रस्तावदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

१.४ आर्थिक प्रस्ताव सम्बन्धी विस्तृत जानकारी आर्थिक प्रस्ताव सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका आर्थिक प्रस्ताव स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । आर्थिक प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१.५ प्रस्तावदाताले आर्थिक प्रस्तावको वाहिरपट्टी शीरमा "गोदावरी नगरपालिकाको लागि पत्रपत्रिकामा सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्बन्धी प्रस्ताव" भन्ने लेखी श्री प्रमुख प्रशासकीय अधिकृत, गोदावरी नगरपालिका अत्तरिया,कैलाली सम्वोधन गरेको हूनू पर्दछ ।

१.६ प्रस्तावदाताले छूट दिन प्रस्ताव गरेको प्रतिशत अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नू पर्नेछ । सो लेख्दा भरिसक्य नबिराइकन स्पष्ट बूझिने गरी लेख्नू पर्नेछ । कथंकदाचित गल्ती भई सच्याउनू पर्ने भएमा अंक र अक्षर खूर्कनू वा मेट्नू हूदैन । गल्ती भएको अंक र अक्षर पढ्न सकिने गरी एउटा धर्साले काटी थप्नूपर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नू पर्ने हो सो लेखी थप तथा काटेको ठाउंमा अरु अङ्क र अक्षर थप घट

इन्जिनियर

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिइने छैन ।

१.७ आर्थिक प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताव सहित तोकिएका पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेट समेत पेश गर्नूपर्नेछ ।

१.८ पेश भएका सम्पुर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपुर्बक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनू पर्नेछ ।

१.९ प्रस्ताव सम्बन्धी फाराममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फबाट कूनै शर्त राखी आर्थिक प्रस्ताव पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

२.१ प्रस्तावदाताले पेश गरेको आर्थिक प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहने छ ।

२.२ रित नपूगेका र तोकिएका कागजातहरु संलग्न भई नआएका प्रस्तावहरु रद्द गरिनेछ ।

२.३ प्रस्ताव सम्वन्धी कूनै कूरा बुझ्नूपरेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**२. प्रस्तावदाताले कार्य सम्पादनका सिलसिलामा पालना गनूपर्ने कार्यक्षेत्रगत शर्तहरुः**

२.१ कवोल छूट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेटमा लागू हूनेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित दररेटमा कूनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यथासम्भव छिटो यस कार्यालयलाइ जानकारी गराउनूपर्नेछ ।

२.२ सम्बन्धित पत्रपत्रिकाले सुचना प्रकाशित गर्ने सम्बन्धमा कूनै किसिमको विशेष योजना (छूट) ल्याएमा सो बमोजिमको थप छूट यस कार्यालयलाइ समेत उपलव्ध गराउनूपर्नेछ ।

२.३ प्रकाशन गनूपर्ने सुचना यस कार्यालयले दिएको लिखित आदेश बमोजिम तोकिएको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नूपर्नेछ ।

२.४ यस कार्यालयले दिएको आदेश विपरित प्रकाशित समाग्रीको रकम यस कार्यालयले भूक्तानी गर्ने छैन ।

२.५ सामान्यतया सुचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिनअगावै यथा समयमै लिखित आदेश र सुचना उपलव्ध गराइने छ । तर आकस्मिक रुपमा सुचना प्रकासन गर्न पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भालिपल्ट प्रकासन गर्ने ब्यवस्था मिलाउन पर्नेछ ।

२.६ स्वीकृत प्रस्तावदाताले प्रकाशित गर्नूपर्ने सुचना यस कार्यालयले तोकेको ठाउमा गई संकलन गर्नुपर्नेछ ।

ईन्जिनियर

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२.७ स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो बापतको बिल यस कार्यालयमा पेश गर्नू पर्नेछ ।

२.८ स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कूनै पनि वखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ ।

**३. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नू पर्नेछ।**

३.१. प्रस्तावदाताले यस कार्यालयको सुचना पक्राशन कार्य गर्न गोरखापत्र, कान्तिपरू दैनिक, नागरिक दैनिक, अन्नपुर्ण पोस्ट, नेपाल समाचारपत्र, नया पत्रिका , कारोवार, रास्ट्रीय अभियान, The Rising Nepal, The Kathmandu Post, Republica, The Himalayan Times लगायतका अन्य पत्रपत्रिकाको लागि आधिकारिक रुपमा एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नू पर्नेछ ।

३.२. प्रस्तावदाताले उपरोक्तानूसारको पत्रपत्रिकाको विज्ञापनको साइज सहितको आधिकारिक दररेटको पम्राणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नू पर्नेछ ।

३.३ संस्था र एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र

३.४ अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र,

३.५ मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र,

३.६ स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र,

३.७ आ.व २०७९/०८० सम्मको कर चुक्ता प्रमाण पत्र,

३.८ बिज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएको प्रतिलिपि

३.९ निवेदन

**४. मुल्याङ्कन सम्बन्धी व्यवस्था**

४.१ प्रस्तावदाताले पेश गरेको छूट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४.२ तोकिएका प्रत्येक पत्रपत्रिकाको लागि छूट्टाछूट्टै रुपमा मुल्याङ्कन गरिनेछ ।

४.३ तोकिए बमोजिमका कागजातहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनूरुप कार्य गर्न इच्छूक प्रस्तावदाताहरुमध्ये सबैभन्दा **बढी छूटको** प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्विकृत गरिनेछ ।

५. भूक्तानी सम्बन्धी व्यबस्था

५.१ स्वीकृत प्रस्तावदाताबाट कार्य सम्पन्न पश्चात् पेश हून आएको विलको भुक्तानी **EFT System** बाट गरिनेछ । पेश्की तथा आशिंक रुपमा रकम उपलव्ध गराइने छैन ।

ईन्जिनियर

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

५.२ प्रस्ताव सम्बन्धी फाराममा उल्लिखित कबोल छुट प्रतिशत सम्झौता भएको मितिले २०८२ अषाढ मसान्त सम्मका लागि कायम रहने छ ।

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**६. बिबिध व्यबस्था**

६.१ प्रचलित कानुन बमोजिम बूझाउनू पर्ने कर तथा दस्तूर प्रस्तावदाता स्वयंले व्यहोर्नू पर्नेछ ।

६.३ प्रस्ताव सम्वन्धी अन्य कूराहरु सार्वजनिक खरिद ऐन, २०६३ र प्रचलित कानून वमोजिम हूनेछ ।

ईन्जिनियर

प्रमुख प्रशासकीय अधिकृत

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत